

# शिशु स्याहारका प्रदायकलाई सोध्ने साधारण प्रश्नहरू

गुणस्तरिय शिशु स्याहार कार्यक्रमहरूले नानीहरूलाई सुरक्षित, भरोसा तथा स्याहार पाएको महसुस गराउँछ । स्याहार गर्नेले परिवार तथा शिक्षा-प्रदायकसँग सम्बन्ध स्थापना गरी नानीको सिकाइ तथा विकासमा मद्दत गर्छन्, अनि नानीहरूको विकास तथा वृद्धिमा मद्दत गर्ने आकर्षक र मायालु वातावरण दिन्छन् ।

**तपाईं र तपाईंको नानीका आवश्यकतासँग मिल्ने गुणस्तरिय शिशु स्याहार खोज्ने कामलाई अगाडि बढाउन यी प्रश्नहरू प्रयोग गर्नुहोस् ।**

## शुल्कहरू तथा उपलब्धता

१. के मेरो नानीका लागि ठाउँ खाली छ ? (यदि छैन भने के यहाँ प्रतिक्षा-सूची छ र त्यो कति लामो छ ?)

२. स्याहारका लागि कति शुल्क लाग्छ ? के अतिरिक्त शुल्कहरू छन् ? (स्याहार गर्ने व्यक्तिलाई फाल्तु शुल्कहरू, जस्तोः छुट्टि, बिरामीको दिन, नानी ढिलो लिन आउने गर्दा वा आवेदन शुल्कबारे सोध्नुहोस् ।)

३. के यस केन्द्रमा शुल्कमा मिनाहाको व्यवस्था छ ?

४. के तपाईं दिनभर र आधा दिनको भर्ना गर्न मान्नुहुन्छ ?

५. छाड्ने / लिन आउने समय कत्तिको लचिलो छ ?

६. यहाँका स्याहार गर्ने व्यक्तिले नानीहरूका अभिभावकसँग कसरी सम्पर्क गर्नुहुन्छ र अभिभावकले यहाँ कहिले आएर नानी भेट्न पाउनु हुन्छ ?

**तथ्यः**

तपाईं अनुमति-पत्र भएको केन्द्र वा कुनै घरमा गरिने शिशु स्याहार सेवा छान्न सक्नुहुन्छ । घरमा सेवा दिने केही प्रदायकहरू अनुमति-पत्र भएका संस्थासँग सम्बन्धित हुन्छन् र अरू अनुमति-पत्र नभएकासँग सम्बन्धित हुन्छन् । स्याहार-शुल्क फरक हुन्छ ।

## स्वास्थ्य तथा सुरक्षा

१. के तपाईं अनुमति-पत्र भए वा अनुमति-पत्र नभएको व्यवसायी हो ?

२. तपाईं कतिजना नानीको स्याहार गर्नुहुन्छ ?

३. तपाईं नानीहरूको स्वास्थ्यका विषयमा कसरी ढुक्क हुन सक्नुहुन्छ ? (जस्तोः सुताइ, सरसफाइ)

४. नानी बिमार परे भने के हुन्छ ? (जस्तोः उनीहरूलाई घर पठाइन्छ वा औषधी दिइन्छ ।)

**तथ्यः**

अनुमति-पत्र नभएको प्रदायकले आफ्नो घरमा ५ जना नानीहरूभन्दा बढीको स्याहार नगर्न सक्छन् ।

ontario.ca/childcare

ISBN 978-1-4606-6993-8 (PDF) (Nepali) © क्विन्स प्रिन्टर फर ओन्टारियो, 2015

Ontario

५. नानीको स्याहार गर्ने ठाउँमा सुरक्षासम्बन्धी कस्ता व्यवस्था छन् ? (जस्तोः आगो निभाउने उपकरण, धुँवा/कार्बन मोनोक्साइड सूचक-यन्त्र, प्राथमिक उपचारको बाकस, नानीहरूलाई छेक्ने ढोका भएको बार र बिजुली जोड्ने प्वाल टाले ढक्कन)
६. आपतकालिन अवस्थामा घरबाहिर निस्कन तपाईंको कस्तो व्यवस्था छ ?
७. घातक एलर्जी हुने नानीलाई के तपाईं एनाफिलेक्सिस दिन सक्नु हुन्छ ?

## खाना तथा पोषण

१. तपाईंले कस्तो खालको खाजा र खाना उपलब्ध गराउनु हुन्छ ?
२. के खाना त्यहीं तयार पारिन्छ वा अरूले बनाएको ल्याइन्छ ?
३. के कुनै निश्चित खानाहरू स्याहार गर्ने ठाउँमा ल्याउन पाइँदैन ? (जस्तोः सुकाएका फल वा अरू एलर्जी हुने चिजहरू)
४. के तपाईं हाम्रो परिवारको खाँचोअनुसारको खाना बन्दोबस्त गर्न सक्नुहुन्छ ?
५. के आमाको दूध राख्न फ्रिज पाइन्छ र खुवाउनका लागि कुनै समय-तालिका छ ?

**ख्याल गर्नुहोस्:**

खाना योजना यसरी गरिन्छ, जसमा सबै ४ खाना समूह समावेश हुन्छन् ।

## सिकाइ तथा खेल

१. दिनभरि मेरो नानीले के गर्छ ?
२. खेल्ने सामग्रीले कसरी नानीहरूको सिकाइ, सिर्जनशिलता तथा घुलमिलमा सहायता गर्छन् ?
३. घरभित्र र घरबाहिर दुवै ठाउँका खेललाई तपाईंले कसरी प्रोत्साहित गर्नुहुन्छ ? घरबाहिर कति समय बिताइन्छ ?
४. कार्यक्रममा कसरी विभिन्न संस्कृति परम्परालाई मिलाएर गरिन्छ ?
५. परिवारका सदस्यलाई कसरी कार्यक्रममा सहभागी गराइन्छ ?
६. यदि नानी रिसायो वा चित्त दुखायो भने के हुन्छ ?

**ख्याल गर्नुहोस्:**

- खेल तथा खोजका माध्यमबाट नानीहरूको सिकाइमा मद्दत गर्ने वातावरण ।
- परिवार संलग्नता जसलाई स्वागत तथा प्रोत्साहित गरिन्छ ।

## स्याहार गर्ने व्यक्ति तथा तालिम-प्राप्त पेशाकर्मी

१. कर्मचारी र प्रदायकसँग कस्ता योग्यता छन् वा कस्तो तालिम लिनुभएको छ ? (जस्तोः पञ्जीकृत प्रारम्भिक बाल्यावस्था शिक्षक)
२. त्यहाँ काम गर्ने कसैसँग सिपिआर वा प्राथमिक उपचारको प्रमाण-पत्र छ ?
३. जहिले कर्मचारी वा प्रदायक बिरामी भए वा कतै गए भने के हुन्छ ?

**ख्याल गर्नुहोस्:**

नानीहरूसँग काम गर्नका लागि प्रमाण-पत्र प्राप्त वा तालिम लिएका कर्मचारी वा प्रदायक छन्/छैनन् ।



ISBN 978-1-4606-6993-8 (PDF) (Nepali) © क्विन्स प्रिन्टर फर ओन्टारियो, 2015

Ontario